# बजेट वक्तव्य
# आर्थिक वर्ष २०८३/८४

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरमटार,कुभिण्डे,खोटाङ
२०८३

# रावा बेसी गाउँसभाको १९ औं अधिवेशनमा

## बजेट वक्तव्य

## उपाध्यक्ष श्री कौशिला कुमारी गुरुङ

## आर्थिक वर्ष २०८३/०८४

## बजेट वक्तव्य

रावा बेसी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरमटार,कुभिण्डे,खोटाङ

मितिः २०८३/०३/०७

**आदरणीय सभाका अध्यक्ष ज्यू,**

**सम्पूर्ण सभाका सदस्यज्यूहरु,**

**उपस्थित महानुभावहरु,**

नेपालको संविधान, २०७२ बमोजिम सम्पन्न भएको पहिलो स्थानीय तह निर्वाचनको ५ वर्षे कार्यकाल समाप्त भई दोस्रो कार्यकालको पाँचौ वर्षमा यस सम्मानित एवम् गरिमामय सभामा उपस्थित भएर आज यस रावा बेसी गाउँपालिकाे आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न लागेको छु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समावेशी शासन व्यवस्था, मौलिक हक लगायत नेपाली जनतालाई अधिकार लगायत देशको राजनैतिक र सामाजिक रुपान्तरणका निम्ति इतिहासका विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनहरुमा अमूल्य जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलका घाइते र अपाङ्गहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँहरुप्रति उच्च सम्मान गर्न चाहान्छु। त्यस्तै यो बजेट तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी, कर्मचारी, रावा बेसी जनतालाई विशेष धन्यवाद दिन्छु।

विकास निर्माणलाई अगाडी बढाउन तथा गाउँपालिकावासी जनताको आवश्यकता र जनआकाङ्क्षालाई परिपूर्ती गर्नका लागि सिमित स्रोत र साधनको कसीमा रहेर सम्बोधन गर्ने प्रयत्न गरिएको छ। नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण, सशर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण, सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबै वर्ग र क्षेत्रमा विशेषगरी गरिब, महिला बालबालिका, सामाजिक एवम् आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गर्दै समान र सन्तुलित विकास निर्माणलाई अवलम्बन गर्दै सहज

र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवम् त्यस्ता सेवा सुविधालाई मितव्ययी, सहभागितामूलक, पारदर्शी उत्तरदायी, समावेशी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउँदै गरिबी न्यूनीकरण र दिगो विकासको लागि श्रोत साधनलाई व्यवस्थित गर्दै गाउँपालिका मार्फत आफ्ना क्रियाकलाप अगाडी बढाईनेछ ।

त्यसै गरी आर्थिक वर्ष २०८३/८४ को  तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, संघीय कानून, प्रदेश कानून, संघीय तथा प्रदेश सरकारका नीति, बजेट तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन तथा विद्यमान कानूनहरु, गाउँपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, दिगो विकास लक्ष्य, रावा बेसी गाउँपालिकाको आवधिक योजना, पन्ध्रौ योजना,  विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतका अनुभवको सिकाइ नागरिकहरुका माग र आवश्यकता साथै नेपाल सरकार तथा कोशी प्रदेश सरकारबाट प्राप्त निर्देशिका तथा मार्गदशर्नहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु। यी नीतिगत कुराहरुलाई मध्यनजर गर्दै गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने, बढी भन्दा बढी जनसङ्ख्यालाई लाभ पुग्ने, स्थानीय जनताको सामाजिक आर्थिक उन्नतिमा सहयोग पुग्ने, वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोग पुर्याउने, स्थानीय स्रोत साधनमा आधारित, रोजगारमूलक तथा सहभागितामूलक पक्षहरुलाई विचार गरी योजना छनौट गरिएको कुरा समेत अवगत गराउन चाहान्छु।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८३/८४ को बजेटको सोच, उद्देश्य र प्राथमिकताहरुको प्रस्तुत गर्न गइरहेको छु,

(क) सोचः

रावा "रावा बेसी गाउँपालिकावासी जनताको कामनाः समृद्ध, शान्त र हराभरा गाउँपालिकाको चाहना"

(ख) उद्देश्यः

१. सुरक्षित तथा सबल भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने।

२. गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वस्थ जनजीवन बनाउने।

३. कृषि तथा पशु क्षेत्रको आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व बढाउने।

४. दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर उच्च राखिनेछ।

५. लघु उद्यम, कृषि तथा आयमुलक रोजगारीको सृजना गरी गरिबी निवारण गर्ने।

६. लैंगिक समानता, सामाजिक समावेशीकरण सहितको सुरक्षित, न्यायपूर्ण, सभ्य र न्यायपूर्ण समाजको निर्माण गरिने छ ।

८. स्वच्छ र सन्तुलित र हराभरा वातावरण निर्माण गरिनेछ।

९. शैक्षिक संस्थाहरुको सबलीकरण गर्दै गुणस्तरीय शिक्षामा जोड दिने।

यी उद्देश्यहरु हाँसिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु।

१. कृषि तथा पशुलाई थप व्यवसायीकरण र आधुनिकीकरण गर्नको लागि थप टेवा पुग्ने किसिमका कार्यक्रमहरु ।

२. स्वरोजगारमूलक तालिम, उद्यम विकासको माध्यामबाट रोजगारी सृजना गर्ने साथै स्थानीय उत्पादनमा वृद्धि गरी आत्मानिर्भर बनाउँदै गरिबी निवारणमा जोड दिने खालाका कार्यक्रमहरु।

३. कम लगानीबाट उच्च प्रतिफल दिने र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने खालका कार्यक्रमहरु।

४. विभिन्न खाले महामारीबाट बँच्ने, जीवनरक्षा गर्ने, निरन्तर चेतना जगाउने कार्यक्रमहरु।

५. स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राख्दै सामाजिक विकासका क्षेत्रमा सघाउ पुर्याउने कार्यक्रमहरु ।

६. आम नागरिकहरुको पहुँचमा सहज र सरल पुर्याउने सडक तथा पूर्वाधारका आयोजनाहरु।

७. स्थानीय गौरवका योजनाहरु तथा चालु आर्थिक वर्षमा शुरु भई विविध कारणले सम्पन्न नभएका ठुला योजनाहरु।

८. समावेशी र सन्तुलित विकासमा सहयोग पुर्याउने कार्यक्रम तथा आयोजनाहरु ।

९. सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री, जनमूखी र नतिजामूखी, जनउत्तरदायी र पारदर्शी बनाउँदै सुशासन कायम गर्ने साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, कानूनी र संस्थागत क्षमतालाई समय अनुकुल वृद्धि हुने कार्यक्रमहरु।

सभाध्यक्ष महोदय,

अब म यिनै उद्देश्य तथा प्राथमिकताका आधारमा रही तयार गरिएको आर्थिक वर्ष २०८३/८४ को कुल अनुमानित आय र विनियोजन तथा स्रोत समेतको वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु।

<u>आयतर्फ</u>

१. रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को लागि रू.४७ करोड ७६ लाख ८२ हजार ६८ मात्र अनुमानित बजेट प्रस्ताव गरेको छु। उक्त प्रस्तावित बजेटको खर्च व्यहोर्ने स्रोतहरु निम्नानुसार रहेको छ ।

आन्तरिक राजश्व रु. ४७ लाख ६५ हजार मात्र प्राप्त हुने अनुमान गरेको छु।
**संघीय सरकारको वित्तीय हस्तान्तरण तर्फः**
वित्तीय समानिकरण अनुदान रु. ७ करोड ४४ लाख मात्र अनुमान गरेको छु ।
सशर्त अनुदान चालु रु.१७ करोड ६५ लाख मात्र अनुमान गरेको छु ।
सशर्त अनुदान पुजीगत रु. ७५ लाख मात्र अनुमान गरेको छु ।
समपुरक अनुदान रु.२ करोड २६ लाख अनुमान गरेको छु
विशेष अनुदान चालु रु. १ करोड ८० लाख अनुमान गरेको छु
**त्यसैगरी,**
संघीय सरकार राजश्व बाँडफाँड मार्फत रु. ७ करोड ९ लाख ९७ हजार मात्र अनुमान गरेको छु ।

**प्रदेश सरकारको वित्तीय हस्तान्तरण मार्फत**

प्रदेश सरकार समानिकरण अनुदान रु. ६३ लाख ३ हजार अनुमान गरेको छु

राजश्व बाँडफाँड रु.५८ लाख ८८ हजार ६८ मात्र अनुमान गरेको छु

सशर्त अनुदान चालु रु. २२ लाख २९ हजार मात्र अनुमान गरेको छु ।

सशर्त अनुदान पुजीगत रु.२५ लाख अनुमान गरेको छु

समपुरक अनुदान रु.१ करोड ६० लाख अनुमान गरेको छु

र संघीय अनुदान सामाजिक सुरक्षातर्फ रु.७ करोड प्राप्त हुने अनुमान गरेको छु।

**<u>विनियोजन तर्फ;</u>**

१. विभिन्न विषयगत शाखाको लागि प्राप्त संघीय सशर्त अनुदान चालु कार्यक्रम तर्फ रू. **१७ करोड ६५ लाख** मात्र र संघीय सशर्त अनुदान पूँजीगत तर्फ रू. ७५ लाख विनियोजन गरेको छु। भने प्रदेश सरकार सशर्त अनुदान पुँजीगततर्फ रू. २५ लाख विनियोजन गरेको छु।

२. गाउँपालिका तथा संघीय सरकारसँगको साझेदारी समपूरक अनुदानबाट बिजुले लेखर्क दुवेकोल ऐसेलुखर्क सडक स्तरोन्नति (रावा वेसी गा.पा. देखि ऐसेलुखर्क गा.पा. जोड्ने सडक ) मा रु. २ करोड ८५ लाख ९० हजार मात्र बिनियोजन गरेको छु भने गाउँपालिका स्तरीय खेलमैदानलाई व्यवस्थित गर्न रावा वेसी खेल मैदान भैंसे हौंचुरको लागि रु. ३२ लाख विनियोजन गरेको छु । प्रदेश सरकारसँगको समपूरक अनुदान अन्तर्गत स्वास्थ्य चौकी हौंचुर भवन निर्माणका लागि रु १ करोड २५ लाख र कालोपत्रे सडक सुधार अन्तर्गत निगाले हरमटार सडक स्तरोन्नतिको लागि ७५ लाख विनियोजन गरेको छु । वडा कार्यालय १,३,५ का लागि तला थप गर्न रु २४ लाख विनियोजन गरेको छु। स्वास्थ्य चौकी कुभिण्डेको लागि रु. ६६ लाख ७५ हजार विनियोजन गरेको छु । त्यस्तै

वडा कार्यालय २, ४ र ६ को निर्माण कार्यको बाँकी रकम भुक्तानीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. रावा बेसी गाउँपालिकाको प्रशासनिक भवनको व्यवस्थापन लागि रु.४० लाख विनियोजन गरेको छु ।

४. संघीय सरकार विशेष चालु अनुदानबाट बृहत कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम रावा वेसी गाउँपलिकाका लागि रु.१ करोड ८० लाख विनियोजन गरेको छु।

५. वडागत पूँजीगत योजनाहरुका लागि रू.१ करोड ७२ लाख विनियोजन गरेको छु। त्युसैगरी स्विकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रममा रु. २१ लाख विनियोजन गरेको छु ।

६. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ३५६ वटा स्विकृत आवास संख्या अनुसार ३५६ घरपरिवारको लागि रु.३५ लाख विनियोजन गरेको छु ।कोशी प्रदेश सरकारसंगको साँझेदारीमा अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम, गरिवसँग विशेश्वर कार्यक्रमलाई निरन्तरता दिएको छु ।

७. संघीय सरकार राजश्व बाँडफाड रु. ७ करोड ९ लाख ९७ हजार , प्रदेश सवारी कर ५८ लाख ८८ हजार ६८ र आन्तरिक राजश्वबाट ४७ लाख ६५ हजार खर्च व्यहोर्ने गरी चालु तथा चालु प्रकृतिका खर्च तर्फ ७ करोड ६९ लाख ६ सय ३४ रुपैयामात्र विनियोजन गरेको छु । उक्त रकम मध्ये चालु खर्चमा पदाधिकारी सेवा सुविधा, कर्मचारी तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको चालु खर्च विभिन्न लक्षित वर्ग कार्यक्रम, महिला लक्षित कार्यक्रम, दलित,

जनजाति, विपन्न, सिमान्तकृतका लागि रू. ७ करोड ६९  लाख ६ सय ३४ रुपैया खर्च हुने अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

अव म क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहान्छु।

## १. आर्थिक विकास

रावा बेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन्। कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, विशिष्टिकरण गरी उत्पादन उत्पादकत्व वृद्धि गर्ने र रोजागारी सृजना गर्ने उद्देश्यका साथ कृषक दर्ता व्यवस्थापन, कृषि तथ्याङ्क अध्यावधिक, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत सुन्तला जात फलफूलको लागि पकेट क्षेत्र कार्यक्रम, अनुदानमा विभिन्न कृषि सामाग्री/यान्त्रिक उपकरण सामग्री वितरण, विभिन्न फलफूलका बिरुवा वितरण, लघु उद्यम विकास कार्यक्रम, वजार व्यवस्थापन ढुवानी अनुदान कार्यक्रम, प्राङ्गारिक खेती तथा जैविक मल अनुदान, सुख्खा क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण, कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम, मौसमी तरकारीका विउ वितरण, एकिकृत नमूना कृषि फर्म कार्यक्रम, बालिनालीलाई किराहरुबाट जोगाउन किटनाशक विषादी वितरण, परीक्षण गरी माटो सुधार, कृषक क्षमता अभिवृद्धि कार्यक्रम, आदिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रद्वारा मनोसामाजिक परामर्श, उत्पादन र उद्यमसिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सीप विकास, उद्यमसिलता प्रवर्द्धन र पुनःएकिकरणसम्वन्धी क्रियाकलाप सञ्चालन गरिने कार्यक्रममा बजेट विनियोजन गरेको छु। पशुपालनलाई व्यावसायिक बनाई आयआर्जन वृद्धि गर्न पशुपंक्षी पालन सम्बन्धी भैंसी प्रवर्द्धन कार्यक्रम, पशुपालन सम्वन्धी पशुपंक्षी महामारी/आकस्मिक रोग नियन्त्रण,  व्यावसायिक पशुपालन कार्यक्रम तोकिएको संख्यामा व्यवसायिक पशुपालन गर्ने जस्ता कार्यक्रमा अनुदान मिलाएको छु।

गाउँपालिका भित्रका पशुपंक्षीका रोगको सुरक्षाका लागि निःशुल्क औषधी वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। संघ सस्थाको साझेदारीमा पशुपालनलाई निरन्तरता दिँदै थप योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु। गरिबी निवारणका लागि विभिन्न रोजगारमूलक सिपमूलक तथा युवा स्वरोजगार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । कार्यक्रम सञ्चालान र नयाँ उद्यमी सृजनाका लागि बजेटको व्यवस्था गरेको छु। रावा बेसी गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न ऐतिहासिक धरोहरको संरक्षण गर्न बजेट विनियोजन गरेको छु। आगामी आर्थिक वर्षको लागि आर्थिक विकासको क्षेत्रमा जम्मा रू.२ करोड ८३ लाख ४५ हजार रकम बिनियोजन गरेको छु।

## २. सामाजिक विकास

सम्पूर्ण सामुदायीक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ। विद्यालयहरुको भौतिक पूर्वाधारको सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। सामुदायीक विद्यालयका प्रधानाध्यापकहरुलाई प्रदान गरिँदै आएको थप भत्त निरन्तरता निरन्तरता गरेकोछु । दलित, जेहेन्दार, विपन्न र बहुमुखी प्रतिभा भएका विद्यार्थी छनौट गरी प्राविधिक छात्रवृति प्रदान गरिनेछ। शिक्षक शिक्षिकाहरुलाई प्रविधिमा दक्ष बनाउन क्षमता विकास तालिम, बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाका लागि दिवा खाजा जस्ता कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। बाल विकास कार्यक्रम अन्तरगत **बालपनको रक्षा भविष्यको सुरक्षा कार्यक्रम** र सामुदायीक विद्यालयका लेखा अन्तरगत कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ सहजकर्ता र कार्यालय सहयोगीहरुलाई प्रदान गरिँदै आएको पारिश्रमिक रकमलाई निरन्तरता दिएको छु। रावा बेसी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सबै स्वास्थ्य चौकीहरुमा निःशुल्क औषधीको व्यवस्थाका लागि आवश्यक बजेट छुटयाएको छु। साथै डिजिटल स्वास्थ्य सूचना प्रणालीलाई थप व्यवस्थित वनाउदै लगिनेछ ।

आँखा शिविर कार्यक्रम, आङ खस्ने महिलाहरुको लागि पहिचान तथा उपचार कार्यक्रम, एम्वुलेन्स संचालन तथा व्यवस्थापन कोष, बहुक्षेत्रीय पोषण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत **"म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य"** घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु। रावा बेसी गाउँपालिका भरी नै दिगो तथा गुणस्तरीय खानेपानीको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु।सरसफाईका लागि सचेतनामूलक कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु। बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुका लागि बजेटको प्रबन्ध गरिएको छ। बाल विवाह न्यूनीकरण, महिला हिंसा विरुद्धको कार्यक्रम, महिलाहरुका अन्य विविध कार्यक्रम, महिलाहरुलाई सिपमूलक तालिम, क्षमता विकास तालिम, महिला स्वंमसेविकालाई प्रोत्साहनका कार्यक्रम अन्तरगत दिइदै आएको यातायात खर्च रकमलाई ५० प्रतिशत बृद्धि गरेको छु । महिला समूहहरुको सञ्जाल गठन गरी सशक्तिकरण गर्न तथा महिला लक्षित कार्यक्रमा महिला समूह छनौट गरी बिउपूँजी दिने तथा तिज वशेष कार्यक्रम कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

जेष्ठ नागरिकलाई सम्मान, एकल महिला तथा विधुवा उत्थान कार्यक्रम विधुर तथा एकल महिलाहरुलाई जिविकोपार्जन भत्ताको लागि बजेटको व्यवस्थालाई निरन्तरता दिएको छु । कुलतमा फसेका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको अवस्था हेरी उपचार गर्न र मनोपरामर्श सेवाका लागि बजेट छुट्टयाएको छु। त्यसै गरी धार्मिक स्थल र मठ मन्दिरको संरक्षण गर्न, आदिवासी जनजाती, दलित वर्गको भाषा संस्कृति संरक्षण र भाषा अधिकार प्रवर्द्धन, चेतनामूलक कार्यक्रम सञ्चालन, अपाङ्ग लक्षित कार्यक्रमका लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम आदिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम, युवा लक्षित कार्यक्रम तथा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक बजेट छुटयाएको छु।

आगामी आर्थिक वर्षमा सामाजिक विकासको क्षेत्रमा जम्मा रू.१८ करोड ६९ लाख ३६ हजार रकम विनियोजन गरेको छु। त्यसैगरी सामाजिक सुरक्षा संरक्षण कार्यक्रमतर्फ रु.७ करोड विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकास

आगामी आ.व. २०८३/८४ मा बिजुले लेखर्क दुवेकोल ऐसेलुखर्क सडक स्तरोन्नति (रावा वेसी गा.पा. देखि ऐसेलुखर्क गा.पा. जोड्ने सडक ), खेलमैदानलाई व्यवस्थित गर्न रावा वेसी खेल मैदान भैंसे हौंचुर, स्वास्थ्य चौकी हौंचुर भवन निर्माण, कालोपत्रे सडक सुधार अन्तर्गत निगाले हरमटार सडक स्तरोन्नति, जौबारी हरमटार सडकका लागि विनियोजन गरेको छु । वडा कार्यालय १¸३¸५ का लागि तला थप, स्वास्थ्य चौकी कुभिण्डे, हौंचुर चुडेवेंसी रावाखोला, दुवेखोला झोलुङ्गे पुलको निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

त्यस्तै वडा कार्यालय २, ४ र ६ को निर्माण कार्यको भुक्तानी, गाउँपालिका प्रशासनिक भवन व्यवस्थापनको लागि वजेट विनियोजन गरेको छु । स्विकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रम समेत पूर्वाधार क्षेत्रमा रू. ७ करोड ७५ लाख ५ हजार विनियोजन गरेको छु

## ४. वातावरण तथा विपद व्यवस्थापन

फोहरमैलालाई व्यवस्थित विसर्जन गर्न आवश्यक जनचेतनामूलक कार्यक्रम, वातावरण संरक्षणको लागि जनचेतनामूलक तालिम, विपद पूर्व तयारी, प्रतिकार्य र उद्धारका लागि आवश्यक उद्धार सामग्री आदिको व्यवस्था गर्न र विपद कोष मजबुत बनाउन आवश्यक रकम विनियोजन गरेको छु।

## ५. सुशासन तथा संस्थागत विकास

गाउँपालिकाबाट सेवा प्रवाह गरीने विभिन्न कामलाई कम्प्युटर तथा प्रविधिमैत्री गरिनेछ। गाउँपालिकाको आवधिक योजना, न्यायिक समितिका पदाधिकारीलाई तालिमको व्यवस्था, मध्यमकालिन खर्च संरचना, संगठन तथा व्यवस्थापन(O & M Survey) सर्भे, प्रगति समिक्षा, समन्वय बैठक, जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास तालिम तथा कानूनी शिक्षा कार्यक्रम, योजनाको सञ्चालनका लागि योजना उपभोक्ता समितिलाई तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। राजश्व प्रशासनलाई मजबुत र प्रभावकारी बनाउन राजश्व सम्भाव्यताको लागि थप अध्ययन गरिनेछ। जसको लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु। सुशासन र संस्थागत विकासको क्षेत्रमा रू. २३ लाख रकम विनियोजन गरेको छु।

**अन्त्यमा,**

यसरी बजेट तयार गर्दा आवश्यक सहयोग गर्नुहुने राजश्व परमार्श समिति, कार्यक्रम तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, बुद्धिजीवी, समाजसेवी र सम्पूर्ण कर्मचारी रावा बेसी गाउँपालिकाका आम नागरिकहरुमा म हार्दिक धन्यवाद दिँदै तोकिएकै समयमा बजेट कार्यान्वयन हुन र कार्यान्वयनका चरणमा आइपर्ने विविध खालका समस्याहरु समाधानको लागि समेत उत्तिकै साथ सहयोगको अपेक्षा गर्दछु। साथै आर्थिक वर्ष २०८३/८४ को लागि यो बजेट, विनियोजन विधेयक, २०८३ र अर्थ विधेयक, २०८३ समेत यस सम्मानित सभामा पेश गर्दछु र आवश्यक छलफल गरी पारित गर्नको लागि हार्दिक अनुरोध गर्दछु।

धन्यवाद ।